# महिला उद्यमशीलता विकास कोष
# (सञ्चालन) कार्यविधि, २०६९

नेपाल सरकार

उद्योग मन्त्रालय

सिंहदरबार काठमाडौं

# महिला उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि, २०६९

**प्रस्तावना** : नेपाल सरकारले जारी गरेको औद्योगिक नीति, २०६७ ले महिला उद्यमीहरूलाई विशेष सहुलियत र सुविधा प्रदान गर्ने नीति लिए अनुसार महिला उद्यमशीलतालाई प्रवर्द्धन, विकास र विस्तार गराई राष्ट्रिय विकास अभियानमा महिलालाई संलग्न गराउन महिला उद्यमीद्वारा उद्योग स्थापना, सञ्चालन, उद्यम व्यवसायमा थप प्रविधि विस्तार, बजार विस्तार तथा क्षमता अभिवृद्धि जस्ता कार्यमा कर्जा प्रवाह मार्फत् सघाउ पुऱ्याउने उद्देश्यले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि जारी गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "महिला उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि, २०६९" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "कोष" भन्नाले महिला उद्यमशीलतालाई प्रवर्द्धन, विकास र विस्तार गर्न नेपाल सरकारद्वारा स्थापना गरिएको महिला उद्यमशीलता विकास कोष सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालय सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "संस्था" भन्नाले प्रचलित कानुनबमोजिम महिलाको नाममा दर्ता भई स्थापना भएका महिलाद्वारा सञ्चालित उद्योग वा उद्यम वा व्यवसायलाई सम्झनु पर्छ ।

(ङ) "छाता संस्था" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ वा नेपाल घरेलु तथा साना उद्योग महासंघ वा महिला उद्यमी महासंघ नेपाल वा राष्ट्रिय लघु उद्यमी महासंघ नेपाललाई सम्झनु पर्छ ।

(च) "केन्द्रीय समिति" भन्नाले दफा ७ बमोजिमको केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) "जिल्ला समिति" भन्नाले दफा ९ बमोजिमको कोष व्यवस्थापन जिल्ला समिति सम्झनु पर्छ ।

३. **कोषको स्थापना** :

(१) महिला उद्यमशीलता विकास कोषको नामले एउटा कोषको स्थापना गरिएको छ ।

(२) कोषमा देहायबमोजिमको रकम रहनेछ :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कोषको कर्जा प्रवाह तथा असुलीबाट प्राप्त हुने सांवा ब्याजको रकम,

(ग) कुनै स्वदेशी व्यक्ति, सरकारी वा गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम,

(घ) कुनै विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा व्यक्तिबाट अनुदान, चन्दा, सहयोग स्वरूप प्राप्त रकम,

तर, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसग आर्थिक स्रोत लिनु अघि कोषले नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

४. **कोषको उद्देश्य** :

(१) लघु, घरेलु तथा साना उद्योगका लागि महिला उद्यमीलाई सरल सहज ढंगले विना धितो कर्जा उपलब्ध गराउने ।

(२) महिलालाई कर्जा प्रवाह गरी उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक तथा सामाजिक स्तर उकास्नको लागि सहयोग पुऱ्याउने ।

(३) महिला उद्यमशीलताको विकास, विस्तार एवं प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(४) लघु, घरेलु तथा साना उद्योगको माध्यमद्वारा महिलालाई उद्योग व्यवसाय सञ्चालन प्रक्रियामा संलग्न गराउने ।

५. कोषको रकम वृद्धि गर्न सक्ने : नेपाल सरकारले वार्षिक वजेटमार्फत् वा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कोषको रकममा आवश्यकतानुसार वृद्धि गर्न सक्नेछ ।

६. **कोषको प्रयोग** :

(१) महिलालाई उद्यमी बन्न प्रोत्साहन गर्न, महिलाको नाममा उद्योगको स्थापना, सञ्चालन, थप प्रवर्द्धन, प्रविधि विकाससम्बन्धी कार्यमा सरल र सुलभ तरिकाबाट विना धितो कर्जा प्रवाह गर्न कोषको प्रयोग गरिनेछ ।

(२) कोषको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषमा नेपाल सरकारले उपलब्ध गराएको रकमको हकमा फिजसम्बन्धी प्रचलित कानूनी व्यवस्था लागु हुनेछ ।

(४) कोषको रकम बैंकमार्फत् महिला उद्यमीलाई लगानी गरिनेछ ।

(५) कोषको रकम बैंकमार्फत् लगानी तथा असुली गरे बापत लगानी गरेको रकमको तीन प्रतिशत रकम सम्बन्धित बैंकलाई सञ्चालन एवं प्रशासनिक खर्चको रूपमा दिइनेछ ।

(६) लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापन गर्ने कार्यका लागि कोषमा जम्मा भएको रकमको पांच प्रतिशत केन्द्रीय समितिले आफैं वा जिल्ला समितिमार्फत् खर्च गर्न सक्नेछ ।

तर यस्तो रकम एक आर्थिक वर्षमा रु. पांचलाखभन्दा बढी हुने छैन ।

(७) कोषको खाता सञ्चालन केन्द्रीय समितिका संयोजक र घरेलु तथा साना उद्योग विभागको आर्थिक प्रशासन शाखाप्रमूखको संयुक्त दस्तखतमा हुनेछ ।

**७. केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) कोष सञ्चालनको लागि केन्द्रीयस्तरमा देहायबमोजिमको एक केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| (क) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग | संयोजक |
| (ख) कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति | सदस्य |
| (ग) उपसचिव, उद्योग मन्त्रालय, नीति विश्लेषण शाखा | सदस्य |
| (घ) प्रतिनिधि, महिला विकास विभाग | सदस्य |
| (ङ) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय | सदस्य |
| (च) प्रतिनिधि, नेपाल राष्ट्र बैंक | सदस्य |
| (छ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (ज) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| (झ) प्रतिनिधि, महिला उद्यमी महासंघ नेपाल | सदस्य |
| (ञ) प्रतिनिधि, राष्ट्रिय लघु उद्यमी महासंघ नेपाल | सदस्य |
| (ट) उपसचिव, घरेलु तथा साना उद्योग विभाग, | सदस्यसचिव |

(२) केन्द्रीय समितिले आवश्यकताअनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) केन्द्रीय समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(४) केन्द्रीय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

**८. केन्द्रीय कोष सञ्चालन तथा व्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) कोषको अधिकतम र प्रभावकारी उपयोग गर्नको लागि केन्द्रीयस्तरका सम्बद्ध निकायहरूबीच आवश्यक समन्वय, सञ्चालन र व्यवस्थापन गर्ने,

(२) महिलालाई उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्नेतर्फ आकर्षित गर्न आवश्यकतानुसार प्रचारप्रसार गर्ने,

(३) कर्जा मागको लागि जिल्लाबाट प्राप्त निवेदनहरूको छानबीन गरी उपयुक्त देखिएका संस्थालाई कर्जा उपलव्ध गराउन स्वीकृति दिने,

(४) कर्जाप्रवाह तथा असुलीको निरीक्षण, अनुगमन, तथा मूल्याङ्कन गर्ने वा गर्न लगाउने, र प्राप्त प्रतिवेदनको आधारमा आश्यकताअनुसार सुझाव तथा निर्देशन दिने,

(५) कर्जाप्रवाह तथा असुली सन्तोषजनक नदेखिएको जिल्लामा कर्जाप्रवाह गर्न पुनरावलोकन गर्ने, रोक्का गर्ने, बन्द गर्ने वा अन्य आवश्यक कारबाही गर्ने,

(६) कर्जाप्रवाहको लागि अनुसूची–१ को आधारमा जिल्ला छनौट गर्ने,

(७) कोषको वार्षिक लेखापरीक्षण गराउने,

(८) कोषबाट भएको कर्जाप्रवाह तथा असुलीलगायतका अन्य काम कारबाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्ने,

(९) कोषबाट कर्जाप्रवाह गर्ने रकमको सीमा बढाउने वा घटाउने,

(१०) कोष सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यकताअनुसार उपसमिति गठन गर्ने,

(११) कोष व्यवस्थापन जिल्ला समितिलाई आवश्यकताअनुसार सुझाव तथा निर्देशन दिने,

(१२) कर्जा लगानी तथा असुली गर्नको लागि बैंकसंग सम्झौता गर्ने,

(१३) कर्जाप्रवाह गर्ने अनुमति पाएको बैंकले सम्झौताबमोजिम काम गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने र आवश्यकतानुसार बैंकलाई सुझाव दिने ।

९. <u>कोष व्यवस्थापन जिल्ला समिति</u> :

(१) जिल्लामा रहेका उद्यमशील महिलालाई सहज, सरल र प्रभावकारी रूपमा कर्जाप्रवाह गरी कोषको समुचित प्रयोग गर्न सघाउ पुऱ्याउनको लागि जिल्लास्तरमा देहायबमोजिमको कोष व्यवस्थापन जिल्ला समिति रहनेछ :–

(क) कार्यालयको प्रमुख — संयोजक

(ख) महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय — सदस्य

(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय — सदस्य

(घ) प्रमुख, जिल्लास्थित कर्जाप्रवाह गर्ने अनुमति पाएको बैंक — सदस्य

(ङ) प्रतिनिधि, जिल्लास्थित उद्योग वाणिज्य संघ — सदस्य

(च) प्रतिनिधि, जिल्लास्थित नेपाल घरेलु तथा साना उद्योगमहासंघ वा संघ सदस्य

(छ) प्रतिनिधि, जिल्लास्थित लघु उद्यमी संघ नेपाल — सदस्य

(ज) प्रतिनिधि, जिल्लास्थित महिला उद्यमी संघ नेपाल सदस्य

(झ) कार्यालय प्रमुखले तोकेको कार्यालयको कर्मचारी सदस्यसचिव

(२) जिल्ला समितिले आवश्यकताअनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) जिल्ला समितिको बैठक महिनाको एक पटक बस्नेछ ।

(४) जिल्ला समितिले केन्द्रीय समितिको निर्देशनको अधिनमा रही आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

१०. <u>कोष व्यवस्थापन जिल्ला समितिको काम, कर्तव्य र अधिकार</u> :

(१) कोषको उपयोग गरी महिलालाई उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्नेतर्फ आकर्षित गर्न प्रचारप्रसार गर्ने ।

(२) कोषबाट कर्जा लिन चाहने उद्यमीका छाता संस्थाको सिफारिससहित निवेदन लिने,

(३) कर्जा मागको लागि प्राप्त भएका आवेदन प्रस्ताव अनुसूची–२ को आधारमा मूल्याङ्कन गरी सिफारिससहित आवश्यक कारबाहीको लागि केन्द्रीय समितिमा पठाउने,

यसरी सिफारिस गर्दा कर्जाको लागि माग भएका निवेदनहरूमध्ये द्वन्द्व पीडित, अपाङ्ग, एकल महिला, सीमान्तकृत, अल्पसङ्ख्यक, महिलाद्वारा सञ्चालन गरिने उद्यमलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा केन्द्रीय समितिमा जानकारी गराउने,

(५) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(६) जिल्लाको लागि आवश्यक पर्ने कर्जा सीमा तथा अन्य विषयमा केन्द्रीय समितिलाई सुझाव दिने,

(७) कर्जाप्रवाह भएका संस्थाको निरीक्षण गरी आवश्यकतानुसार महिला उद्यमीलाई परामर्श दिने,

(८) जिल्लामा भएको कर्जा लगानी तथा असुलीको प्रगति विवरण चौमासिक रूपमा केन्द्रीय समितिमा पठाउने,

(९) केन्द्रीय समितिबाट कर्जा स्वीकृत भएको जानकारी सम्बन्धित व्यक्तिलाई तीन दिनभित्र दिने ।

११. <u>कर्जा प्रवाह, व्याज र असुली सम्बन्धी व्यबस्था</u> :

(१) कोषबाट कर्जा लिन चाहने महिलाले आफू संबद्ध जिल्लास्थित छाता संस्थाको सिफारिससहित अनुसूची–३ बमोजिमको ढांचामा देहायबमोजिमका कागजातहरू संलग्न राखी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ :

(क) आफूले गर्न चाहेको उद्योग व्यवसाय वा उद्यमको विवरण,

(ख) कर्जा लगानी गर्ने प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना (स्कीम),

(ग) कर्जा लगानी गर्न माग गरेको रकम,

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो संस्था प्रचलित कानुनबमोजिम दर्ता, नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(च) कर्जा माग गर्ने संस्था जुन छाता संस्थाको सदस्य हो सो जिल्लास्थित छाता संस्थाको सिफारिस,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयले प्राप्त निवेदन रीतपूर्वक भए नभएको हेरी रीत नपुगेको भएमा रीत पुर्याई ल्याउन सम्बन्धित निवेदनकर्तालाई जानकारी गराउनु पर्नेछ ।

(३) कार्यालयमा प्राप्त निवेदन रीत पुगेको देखिएमा जिल्ला समितिले आवश्यक छानबीन गरी उपयुक्त देखिएका निवेदनहरू केन्द्रीय समितिमा सिफारिससहित पठाउनु पर्नेछ ।

(४) कर्जा मागको सम्बन्धमा जिल्ला समितिले निर्णय गरेको मितिले तीन दिनभित्र आवश्यक कागजातसहित केन्द्रीय समितिमा सिफारिस पठाउनु पर्नेछ ।

(५) केन्द्रीय समितिलाई प्राप्त भएका निवेदनहरूमध्ये स्वीकृत भएका निवेदन केन्द्रीय समितिले स्वीकृत गरेको सात दिनभित्र सम्बन्धित जिल्ला समिति र सम्बन्धित जिल्लाको कर्जा लगानी गर्ने बैंकमा पठाउनु पर्नेछ ।

(६) सम्बन्धित संस्थाले कर्जा स्वीकृत गरेको जानकारी जिल्ला समितिबाट प्राप्त गरेको एक महिनाभित्रमा कार्यालयको पत्रसाथ सम्बन्धित बैंकमा स्वीकृत कर्जाको रकम भुक्तानीको लागि माग गर्नुपर्ने छ । यसरी माग गरेको तीन दिनभित्र सम्बन्धित बैंकले सम्बन्धित संस्थाको आधिकारिक व्यक्तिलाई कर्जा लगानीको रकम भुक्तानी दिनुपर्ने छ ।

(७) कोषबाट लगानी हुने कर्जाको ब्याज दश प्रतिशत हुनेछ ।

(८) कोषबाट कर्जा लगानी भएको रकमको सांवा, ब्याज भुक्तान गर्ने अवधी दुइवर्षको हुनेछ ।

(९) कोषबाट लिएको कर्जाको भुक्तानी तरिका र तालिका सम्बन्धित बैंकले तोकेबमोजिम हुनेछ ।

(१०) कोषबाट कर्जा लगानी गर्दा सम्बन्धित उद्योगले सिर्जना गर्नसक्ने रोजगारीको सङ्ख्यालाई आधार मानिनेछ ।

१२. **लेखापरीक्षणसम्बन्धी व्यवस्था** :

कोषको लेखापरीक्षण प्रचलित कानुनबमोजिम महालेखापरीक्षक वा महालेखापरीक्षकले तोकेको लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

१३. **अनुगमन तथा निरीक्षण** :

(१) कर्जा लगानीको अनुगमन तथा निरीक्षण मन्त्रालय वा कार्यालय वा मन्त्रालयले तोकेको अन्य निकाय वा कर्जाको लागि सिफारिस गर्ने सम्बन्धित छाता संस्था वा सोको जिल्लास्थित संघ वा महासंघले छुट्टा छुट्टै वा आवश्यकतानुसार संयुक्त रूपमा गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन तथा निरीक्षणको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कर्जा लिएको संस्थाले कुनै सुधार गर्नुपर्ने भनी सुझाव दिएमा त्यस्तो सुझाव पालना गर्नु सम्बन्धित सस्थाको कर्तव्य हुनेछ ।

(४) कर्जा प्रवाहलाई पारदर्शी बनाउनको लागि सम्बन्धित कार्यालयले आफ्नो कार्यालयमा कर्जाप्रवाह भएका संस्थाको नाम टांस गर्नुपर्ने छ ।

१४. **वार्षिक प्रतिवेदन सम्वन्धी व्यवस्था** :

(१) कोष व्यवस्थापन जिल्ला समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र अघिल्लो आर्थिक वर्षमा कोषबाट लगानी भएको कर्जा रकम, कर्जा फिर्ता भएको रकम, कर्जा लगानी भएका उद्योगहरुको वस्तुस्थिति सहितको वार्षिक प्रतिवेदन तयार गरी केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।

(२) केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समितिले आर्थिक वर्ष समाप्त भएको दुइ महिना भित्र अघिल्लो आर्थिक वर्षमा कोषबाट लगानी भएको कर्जा रकम, कर्जा फिर्ता भएको रकम, कर्जा लगानी भएका उद्योगहरुको वस्तुस्थिति, समस्या र सूझाव सहितको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१५. **प्रोत्साहन दिन सकिने** :

कोषबाट कर्जा लिएको रकम सम्बन्धित संस्थाले निर्धारित समयभित्र कर्जाको सांवा ब्याज भुक्तान गरेमा त्यस्ता महिला उद्यमीलाई ब्याजको चालीस प्रतिशत रकम छुट दिइनेछ ।

१६. **बैंकको दायित्व** :

(१) कार्यालयको पत्रसाथ कर्जा भुक्तानी माग गर्ने सम्बन्धित संस्थाको आधिकारिक व्यक्तिलाई कर्जा रकमको वीमा गर्न आफैंले सहजीकरण गरेर वीमा गराई स्वीकृत कर्जाको रकम भुक्तानी दिने,

(२) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गरी कर्जा लिएका संस्थालाई आवश्यकतानुसार सुझाव दिने,

(३) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा जिल्ला समितिमा जानकारी गराउने,

(४) कोषबाट लिएको कर्जाको भुक्तानी तरिका र तालिका बनाई कर्जा लगानी तथा असुलउपर गर्ने ,

१७. **विविध** :

(१) कोषले उपलब्ध गराएको कर्जा रकम तोकेको समयमा नतिरेमा सम्बन्धित संस्थाको प्रमुखबाट सरकारी बांकीसरह असुलउपर गरिनेछ ।

(२) कुनै जिल्लामा वीमा गर्न सक्ने अवस्था नभएमा कोष व्यवस्थापन जिल्ला समितिले सम्वन्धित बैंकलाई वीमा आवश्यक नपर्ने व्यहोरा खुलाई कर्जाका लागि सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधिबमोजिम कोषबाट उद्यमीलाई एकपटकमा एकलाख रुपैयांदेखि तीनलाख रुपैयांसम्म कर्जाप्रवाह गरिनेछ ।

१८. **अनुसूचीमा संशोधन**: केन्द्रीय समितिले आवश्यकताअनुसार अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार** :

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा परेमा बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ । यस कार्यविधिको सम्बन्धमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

## अनुसूची १

## दफा ८ संग सम्बन्धित

## जिल्ला छनौटको आधार

कोषको रकम कर्जाप्रवाह गर्नको लागि देहायबमोजिमका आधारमा केन्द्रीय समितिले एक वा एकभन्दा बढी जिल्ला छनौट गर्नेछ :-

१. प्राथमिकताप्राप्त उद्योग,

२. पिछडिएको भौगोलिक क्षेत्र,

३. स्थानीय उपभोग,

४. कार्यालयबाट सञ्चालित वस्तु विकास सेवा केन्द्रसंगको सम्बन्ध

५. कार्यालयबाट प्रदान गरिने सेवासंगको सम्बन्ध,

६. घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रबाट उपलब्ध गराउने सेवासंगको सम्बन्ध

# अनुसूची २

## दफा १० संग सम्बन्धित

## उद्यम छनौटको आधार

| विषय | प्राप्तांक |
|---|---|
| १. स्थानीय स्रोतसाधनको उपयोग | २० अङ्क |
| २. तालिम प्राप्त उद्यमी | १० अङ्क |
| ३. कृषिमा आधारित राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग | २० अङ्क |
| ४. द्वन्द्वपीडित, अपाङ्ग, एकल महिला, सीमान्तकृत, अल्पसङ्ख्यक | २० अङ्क |
| ५. दिगोपना | १० अङ्क |
| ६. रोजगारी सिर्जना | १० अङ्क |
| ७. प्रदूषण नियन्त्रण | १० अङ्क |
| **जम्मा** | **१०० अङ्क** |

# अनुसूची ३

## दफा ११ संग सम्बन्धित

## कर्जा मागको निवेदनको ढांचा

**( यो फाराम भर्न कार्यालयका कर्मचारीले सहयोग गर्नेछन् )**

श्री कार्यालय प्रमुखज्यू
घरेलु तथा साना उद्योग कार्यालय/समिति,
..........................................जिल्ला
महोदय,
निम्नलिखित विवरणबमोजिमको उद्योग स्थापना/सञ्चालन/विस्तार गर्न कर्जाको लागि यो निवेदन गरेको छु /छौं। पेश गरिएको विवरण ठीक छ। झुट्टा ठहरेमा प्रचलित कानुनबमोजिम सहुँला बुझाउँला।

१. उद्योगको नाम :-
२. उद्देश्य :-
३. उद्योग रहेको स्थान :-
 (क) अञ्चल :-
 (ख) जिल्ला :-
 (ग) नगर/गाउँ :-
 (घ) वडा नं./कि नं. :-
४. उद्योगको स्तर :- ( √ चिन्ह लगाउने )
 (क)लघु ( ) (ख) घरेलु ( ) (ग) साना ( )
५. उद्योगको कानुनी रूप (फर्म :- ( √ चिन्ह लगाउने )
 (क) निजी ( ) (ख) साझेदारी ( ) (ग) प्रा. लि. ( )
६. उद्योगको वर्ग :- ( √ चिन्ह लगाउने )
 (क) उत्पादनमूलक ( ) (ख) उर्जामूलक ( ) (ग) कृषि तथा वनजन्य ( ) (घ) खनिज ( )
 (ङ) पर्यटन ( ) (च) सेवा ( ) (छ) निर्माण ( ) (ज) अन्य ( )

| ७. ऋण माग गर्ने निवेदकको पूरा नामथर | ठेगाना | दस्तखत |
|---|---|---|
| .................................. | ........................ | .................... |

८ पूँजी लगानी :-

| (क) स्थिर पूँजी | मूल्य | कैफियत |
|---|---|---|
| जमिन :-.......................... | .......................... | .................... |
| भवन :-.................................. | ................... | ................... |
| मेसिन औजार :- ...................... | ................... | .................... |
| फर्निचर फिक्स्चर :- ................. | .................. | .................... |
| अन्य :- ...................... | ................... | ................... |
| जम्मा :- | | |
| (ख) चालु पूँजी :- .................. | ............... | ................. |
| (ग) कूल पूँजी :- .................. | ................ | .................... |

९. उद्योग दर्ता नं........................... मिति...............................
नवीकरणको अवधि ............................ नवीकरण भएको मिति.....................................

१०. माग गरिएको कर्जा रकम

(क) स्थिर पूँजी ..................... .................. ...................
(ख) चालु पूँजी :- .................. ............... .................
(ग) कूल पूँजी :- ................. ................ ................

कर्जाको उपयोग गरिने क्षेत्रहरू

**११.१ पूँजी तथा क्षमता बृद्धि भए (पूँजी वृद्धिको लागि)**

| स्थिर पूँजी | कच्चापदार्थ | | मेसिन औजार | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| साविक | .................. | ................ | ....................... | ............. | ......... |
| प्रस्तावित | .................. | ............... | ...................... | ............ | ......... |

कूल पूँजी रु. ................ १) स्थिर पूँजी रु................... २) चालु पूँजी रु....................

**११.२. उद्योगबाट हुने उत्पादन/सेवाको विवरण**

| वस्तु उत्पादन/सेवा | इकाइ | वार्षिक क्षमता | मूल्य |
|---|---|---|---|
| १) ............... | ............ | .................. | ..................... |
| २) .............. | ........... | ................. | .................. |
| ३) ............. | .......... | ................. | .................... |
| ४) .............. | ............ | ................ | ...................... |

**११.३ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण (वार्षिक) (क्षमता वृद्धिको लागि)**

| साविक | | | प्रस्तावित कायम गर्ने | | |
|---|---|---|---|---|---|
| वस्तु/सेवा | इकाइ | वार्षिक क्षमता | वस्तु/सेवा | इकाइ | वार्षिक क्षमता |
| १. | | | १. | | |
| २. | | | २. | | |
| ३. | | | ३. | | |
| ४. | | | ४. | | |

**११.४ पूँजी वृद्धि/क्षमता बृद्धिको कारण**

१.
२.
३.
४.

| **१२.. कच्चा पदार्थको विवरण** | **वार्षिक परिमाण** | **मूल्य** |
|---|---|---|
| **१)** | | |
| २) | | |
| ३) | | |
| ४) | | |

५)

**१३. मेसिन उपकरण**

| क.सं. | विवरण | संख्या | प्रति एकाइ मूल्य | जम्मा मूल्य | विद्युत शक्ति (कि.वा.) स्रोत |
|---|---|---|---|---|---|
| १. | ............... | ......... | ................ | ............ | ................... |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| जम्मा | | | | | |

**१४. जनशक्ति :-　प्राविधिक :-　अप्राविधिक :-　अन्य :-　जम्मासङ्ख्या :-**

**१५. सिफारिस गर्ने संस्था (संघ वा महासंघ)**

निवेदकको पत्राचारको ठेगाना :-
जिल्ला :- न. पा./गा. वि. स. :-
वडा नं. :- ब्लक नं. :-
फोन नं. :-　फ्याक्स नं. :-　इमेल:

**१५. सम्पर्क व्यक्तिको नाम ठेगाना र फोन नं.:.**

**१६. लोकेसन म्याप**

**१७ सर्तहरू पालना बारे :-**

१. उद्योग सञ्चालन गर्दा वातावरण प्रदूषण हुन दिने छैन ।
२. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरू मागेको बखत उपलब्ध गराउने छु ।
३. उद्योग सञ्चालन किटान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।
४. उद्योग दर्ता सञ्चालन किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन ।
५. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।
६. उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्ने छैन ।
७. घर तथा जग्गा खरिदको लागि कर्जाप्रवाह गरिने छैन ।

मिति :-

निवेदकको सही :-

औंठाको छाप :-

| दायाँ | बायाँ |
|---|---|
| | |

नोटः- १) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला ।

२) यो निवेदनसाथ निम्न कागजातहरू संलग्न गर्नु पर्नेछ ।

क) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) साझेदारी फर्मको हकमा साझेदारी कबुलियतनामा

ग) प्रा. लि. वा पब्लिक लि. को हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी दर्तापत्रको प्रमाणित प्रतिलिपि ।

ङ) उद्योग आफै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा, भाडामा भए रीतपूर्वकको भाँडा सम्झौतापत्र

च) उद्योगको उद्देश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरु